प्रदेश सभा नियमावली, २०७४ को नियम १११ बमोजिम

# विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः **कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६**

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | मा. सदस्यहरूको नाम |
|---|---|
| १. | मा. कौसिलावति खत्री, मा. देवी ओली, मा. बदमीक्वारी बोहोरा |
| २. | मा. ठम्मरबहादुर विष्ट |
| ३. | मा. सिताकुमारी नेपाली |
| ४. | मा. धर्मराज रेग्मी, मा. खड्कबहादुर खत्री, मा. करविर शाही |
| ५. | मा. गोपाल शर्मा, मा. रातो कामी |

## दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | संशोधनको व्यहोरा | संशोधनको कारण/ कैफियत |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | | |
| १. | क्र. सं. ४ का माननीय सदस्यहरू | शिर्षक | - | - | शिर्षक हेरफेर गर्ने/ कर्णाली प्रदेश हटाउने । | वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ । |
| २. | क्र. सं. ३ का माननीय सदस्य | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी | - | - | प्रत्यायोजित व्यवस्थापनमा व्यापक अध्ययनबाट मात्र सबै दफा, उपदफामा आवश्यकता भए मात्र राख्नुपर्ने । | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | क्र. सं. ३ का माननीय सदस्य | व्याख्यात्मक टिप्पणी | - | - | व्याख्यात्मक टिप्पणीमा केहि शब्दहरू नमिलेको मिलाउनुपर्ने | - |
| ४. | क्र. सं. ४ का माननीय सदस्यहरू | ३ | (२) | (क) र (ख) | खण्ड (क) र (ख) हटाई योजनाको वर्गीकरण गर्ने (मेघा परियोजना) र वातावरणीय ह्रासको मापदण्ड निर्धारण गर्नुपर्ने। | आयोजना र रकम स्पष्ट गर्नुपर्ने । |
| ५. | क्र. सं. ४ का माननीय सदस्यहरू | ६ | - | - | स्पष्ट मापदण्ड खुलाउने । | मापदण्ड र गुणस्तर तोकिएबमोजिम गर्न नहुने ऐनमा तोक्नुपर्ने । |
| ६. | क्र. सं. १ का माननीय सदस्यहरू | ७ | (५) | - | ५ दिन, ७ दिन र २१ दिन राख्नुपर्ने। | प्रक्रियामा नै समय लामो लाग्ने भएकोले। |
| ७. | क्र. सं. ५ का माननीय सदस्यहरू | ८ | - | - | दफा थप गरी दफा १ मा जुनसुकै कुरा लेखिएता पनि सरकारी योजना तथा कार्यक्रमको स्तरोन्नती गर्ने कार्यमा बाधा पुग्ने छैन भन्ने वाक्य थप गर्ने । | - |
| ८. | क्र. सं. ४ का माननीय सदस्यहरू | ९ | - | - | रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने योजना किटान गर्नुपर्ने | मापदण्ड र योजना किटान गर्नुपर्ने |
| ९. | क्र. सं. ५ का माननीय सदस्यहरू | १० | - | - | "आयोजना निर्माणको क्रममा र आयोजना कार्यान्वयनको क्रममा" भन्ने शब्दहरू मध्ये कुनै एक राख्ने । | - |
| १०. | क्र. सं. ५ का माननीय सदस्यहरू | ११ | (२) | (१) | "वा कुल रूख बिरूवाको" भन्ने शब्द हटाउने । | - |
| ११. | क्र. सं. १ का माननीय सदस्यहरू | १२ | (१) | - | १ वर्ष र तीन महिना राख्ने। | समय लामो हुने भएकोले। |
| १२. | क्र. सं. ४ का माननीय सदस्यहरू | १३ | | | हटाउने | विकास निर्माणमा प्रत्यक्ष असर पर्ने भएकाले |
| १३. | क्र. सं. १ का माननीय | १३ | - | - | अध्ययन प्रतिवेदन पछि "मापदण्ड" | वाक्य अपुरो भएकोले। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | | | शब्द राख्नुपर्ने। | |
| १४. | क्र. सं. १ का माननीय सदस्यहरू | १४ | - | - | अध्ययन गर्न वा गराउनेछ भन्ने शब्द राख्ने । | सक्नेछ भन्ने शब्द बाध्यकारी नदेखिएकोले । |
| १५. | क्र. सं. १ का माननीय सदस्यहरू | १५ | - | - | "गराउने छैन" भन्ने शब्दको सट्टा "पाउने छैन" भन्ने शब्द राख्नुपर्ने । | वाक्य नमिलेकोले । |
| १६. | क्र. सं. १ का माननीय सदस्यहरू | १६ | - | - | "पर्वतारोहण" शब्द पछि "सार्वजनिक स्थल" भन्ने शब्द थप्ने । | - |
| १७. | क्र. सं. ३ का माननीय सदस्य | १७ | - | - | प्लाष्टिक जन्य पदार्थ प्रयोगमा नियन्त्रण गर्न विकल्प भए पछि मात्र लागु गरिनुपर्ने र जरिवाना वर्गिकृत गरी राख्नुपर्ने/ कसुर अनुसार | - |
| १८. | क्र. सं. ४ का माननीय सदस्यहरू | १७ | - | - | प्लाष्टिक जन्य पदार्थमा रोक लगाउँदा सो को वैकल्पिक व्यवस्था हुनुपर्ने । | मापदण्ड र रकम स्पष्ट, न्यूनतम तोक्नुपर्ने । |
| १९. | क्र. सं. १ का माननीय सदस्यहरू | १७ | (३) | - | जरिवाना- तीन हजार देखि २५ हजार सम्म राख्ने । | कसुर सामान्य र जरिवाना धेरै भएकोले । |
| २०. | क्र. सं. ३ का माननीय सदस्य | १८ | - | - | जोखिमपुर्ण पदार्थको व्यवस्थापन सम्बन्धित व्यक्ति वा संस्था जिम्मेवार हुने संघको कानून अनुसार हुनुपर्ने । | - |
| २१. | क्र. सं. ४ का माननीय सदस्य | १९ | - | - | दफा १९ हटाउने | प्राङ्गारिक क्षेत्र घोषणा प्रस्तुत विधेयकको क्षेत्राधिकार नपर्ने भएकोले । |
| २२. | क्र. सं. २ का माननीय सदस्य | १९ | (१) | - | "प्राङ्गारिक क्षेत्र घोषणा गर्न सक्नेछ" को सट्टा "प्रतिबन्ध लगाउन सक्नेछ"। | निश्चित तोकिएको रासायनिक पदार्थको कारणले सम्पुर्ण क्षेत्रलाई प्राङ्गारिक क्षेत्र गर्ने एकातिर सम्भवनहुने र अर्कोतिर वस्तुनिष्ठ नहुने। |
| २३. | क्र. सं. ४ का माननीय सदस्यहरू | २२ | - | - | दफा २२ हटाउने | प्रमाण-पत्र र पुरस्कार जस्ता विषय ऐनमा उल्लेख नगर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४. | क्र. सं. १ का माननीय सदस्यहरू | २२ | (१) | - | सबै हटाउने । | प्रमाणपत्र सामान्य निर्णयबाट पनि दिन सकिने भएकोले । |
| २५. | क्र. सं. २ का माननीय सदस्य | २२ | (१) | - | प्रोत्साहन स्वरूप प्रमाण पत्र उपलब्ध गराउन सक्नेछ को ठाउँमा तहगत छुट्टिने गरी (क,ख, ग,घ) को रूपमा श्रेणी विभाजन गर्ने। | प्रमाणपत्रले मात्र गलत व्यक्तिले प्रमाणपत्र पाउन सक्ने। अर्कोतिर प्रमाणले मात्र प्रदुषण नियन्त्रणमा उल्लेखनिय योगदान गर्ने व्यक्तिको/पक्षको वास्तविक मुल्याङ्कन हुन नसक्ने। |
| २६. | क्र. सं. ४ का माननीय सदस्यहरू | २३ | - | - | छुट्टै नियुक्ति नगर्ने मन्त्रालयका कर्मचारी मार्फत् गर्ने । | अतिरिक्त व्ययभार पर्ने भएकोले । |
| २७. | क्र. सं. १ का माननीय सदस्यहरू | २३ | (१) | - | वातावरण निरिक्षक नियुक्ति नगर्ने । | दफा ३४ मा परिषद "च" वातावरण विज्ञको व्यवस्था भएकोले । |
| २८. | क्र. सं. १ का माननीय सदस्यहरू | २४ | - | - | २४ को व्यवस्था सबै हटाउने । | निरिक्षक नरहेपछि आवश्यक नपर्ने । |
| २९. | क्र. सं. ५ का माननीय सदस्यहरू | २४ | (१) | (क), (ख) र (ग) | विपरीत भन्ने शब्दको सट्टा "अनुसार" भन्ने शब्द थप गर्ने । | - |
| ३०. | क्र. सं. ४ का माननीय सदस्यहरू | २४ | (४) | (क) | जरिवाना रकम हटाउने । | तजवीजी अधिकार बमोजिम जरिवाना लिन नमिल्ने । |
| ३१. | क्र. सं. १ का माननीय सदस्यहरू | २६ | (१) | - | मन्त्रालय र स्थानीय तहको बिचमा दिगो विकाससँग जलवायु अनकुलन योजना बनाई कार्यान्वयन गर्ने । | वातावरण जोगाउन दिगो विकाससँग जोड्ने । |
| ३२. | क्र. सं. ३ का माननीय सदस्य | २६ | (२) | - | थप्नु पर्ने "बहुउपयोगी कार्य गरिनु पर्ने, मुहान संरक्षण, वृक्षारोपण, जडिबुटी, फलफुल । | - |
| ३३. | क्र. सं. ४ का माननीय | ३० | (२) | - | रोक नलगाउने । | विकास र वातावरण बीचको सन्तुलन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सदस्यहरू | | | | | नभएकोले । |
| ३४. | क. सं. ४ का माननीय सदस्यहरू | ३१ | - | - | दफा ३१ हटाउने | स्थानीय तहको क्षेत्राधिकार भएकोले |
| ३५. | क. सं. ३ का माननीय सदस्य | ३१ | (३) | | ठेक्का रद्द गर्ने मात्र नभई यथोचित जरिवानाको व्यवस्था गरिनुपर्ने । | - |
| ३६. | क. सं. ४ का माननीय सदस्यहरू | ३३ | (२) | (घ) | संघीय कानून बमोजिम थप्ने । | विदेशी व्यक्ति र संस्थाको सहयोग लिने विषय भएकोले । |
| ३७. | क. सं. ४ का माननीय सदस्यहरू | ३४ | - | - | दफा ३४ हटाउने । | अतिरिक्त व्ययभार थप हुने भएकोले । |
| ३८. | क. सं. ५ का माननीय सदस्यहरू | ३४ | (१) | - | परिषद्को नाम "वातावरण संरक्षण परिषद्" राख्ने । | - |
| ३९. | क. सं. ३ का माननीय सदस्य | ३४ | (२) | (च) | वन तथा वातावरण विज्ञ मध्ये मन्त्रालयबाट मनोनित एक जना महिला, एक जना दलित सहित २ जना हुनुपर्ने (२४%) दलितको प्रतिनिधित्वको लागि । | - |
| ४०. | क. सं. ५ का माननीय सदस्यहरू | ३४ | (२) | (च) र (छ) | १/१ जना मात्र विज्ञ राख्ने । | - |
| ४१. | क. सं. ४ का माननीय सदस्यहरू | ३५ | - | - | हटाउने | दफा ३४ को निरन्तरता रहेकोले । |
| ४२. | क. सं. १ का माननीय सदस्यहरू | ३५ | (१) | - | परिषद गठन दफा ३४ भएकोले ३३ लाई ३४ बनाउने । | - |
| ४३. | क. सं. ४ का माननीय सदस्यहरू | ३६ | (१) | (क) (ख) (ग) | मा उल्लेखित जरिवाना रकम अव्यवहारिक भएकोले । | वातावरणीय क्षति र जरिवाना रकमबीच तादाम्यता नभएकोले । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | २ र ३ समेत | | |
| ४४. | क्र. सं. ३ का माननीय सदस्य | ३६ | (१) | (क), (ख) र (ग) | जरिवाना रकम कम्तिमा १ लाख देखि ५ लाख सम्म हुनुपर्ने।<br>सीमा न्यूनतम अधिकतम तोकिनु पर्ने। | - |
| ४५. | क्र. सं. ३ का माननीय सदस्य | ३६ | (२) | (१) | जरिवाना कार्यान्वयन हुने लेखिनुपर्छ । कागजमा सिमित हुने हुनुहुदैंन । | - |
| ४६. | क्र. सं. ४ का माननीय सदस्य | ४३ | (१) र (२) | - | हटाउने । | पूर्व सावधानी मै जरिवाना राख्न नमिल्ने । |
| ४७. | क्र. सं. २ का माननीय सदस्य | ४४ | (१) | - | "प्रारम्भ भएको दुई वर्ष भित्र" को ठाउँमा "१ वर्ष भित्र" हुनुपर्ने। | प्रदुषण नियन्त्रण कायम गर्न दुई वर्षको समय धेरै हुने। |
| ४८. | क्र. सं. ३ का माननीय सदस्य | - | - | - | स्थानीयलाई प्राथमिकता र अग्राधिकार हुने गरी जिम्मेवारी दिइनुपर्ने।<br>विपद व्यवस्थापनका बारेमा यो ऐन बोल्नुपर्ने। | - |

क्र. सं. १ देखि ४८ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत ।

..................................................

(राजबहादुर शाही)

सभामुख,

प्रदेश सभा, कर्णाली प्रदेश